साझेदारी कार्यक्रम
सञ्चालन कार्यविधि,२०८

# जयपृथ्वी नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः ०५** **मितिः२०८०-०९-२८**

## भाग:२

## जयपृथ्वी नगरपालिका

**जयपृथ्वी नगरपालिका लेखा समिति गठन र सञ्चालन कार्यविधि ऐन २०८०**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ बमोजिमको अधिकार प्रयोग गरि जयपृथ्वी नगरपालिकाको नगरसभाले यो कार्यविधि बनाई लागु गरेको छ।

**परिच्छेदः एक**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भिक :** (१) यस कार्यविधिको नाम जयपृथ्वी नगरपालिका लेखासमिति गठन र सञ्चालन कार्यविधि २०८० रहेको छ।

(२) यो विधि नगरसभाले पारित गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेको यस कार्यविधिमा
(क) "कार्यविधि" भन्नाले जयपृथ्वी नगरपालिका लेखासमिति गठन र सञ्चालन कार्यविधि २०८० सम्झनुपर्छ।
(ख) "लेखासमिति" भन्नाले नियम ३ बमोजिम गठित लेखासमिति सम्झनुपर्छ।
(ग) "बैठक" भन्नाले लेखासमिति र सो गठन गरेको उपसमितिको बैठक सम्झनुपर्छ।

(घ) “उपसमिति” भन्नाले नियम ९ बमोजिम गठित उपसमिति सम्झनुपर्छ ।
(ङ) “संयोजक” भन्नाले लेखा समिति र सो समितिले गठन गरेको उपसमितिको संयोजक समेतलाई सम्झनुपर्छ ।
(च) “सचिव” भन्नाले नियम ४ बमोजिम नगरपालिकाले तोकेको कर्मचारी सम्झनु पर्छ ।
(छ) “सदस्य”भन्नाले लेखासमिति र सो समितिले गठन गरेका उपसमितिका सदस्य समेत सम्झनुपर्छ ।

**३. लेखासमिति गठन**
नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व विषयविज्ञता र समावेशी सिदान्तका आधारमा नगरपालिकाका लागी बढिमा संयोजक सहित ३ सदस्यीय लेखा समिति गठन गर्नेछ । नगरसभाले सबै समितिबाट संयोजक र सदस्यहरुको चयन गर्नेछ ।

**४. सचिवमा तोक्न सक्ने**
नगरपालिकाले नगरपालिकाको उपयुक्त सक्षम कर्मचारीलाई लेखासमितिको सचिवको काम गर्न तोक्नु पर्नेछ ।

**परिच्छेद – दुई**
**बैठक व्यवस्थापन**

**५. बैठकको कार्यसुची** : समितिको बैठकको कार्यसुची सामान्यतया अधिल्लो बैठकबाट नै तय गर्नुपर्ने छ । सो बमोजिम तय हुन नसकेको अवस्थामा र प्रथम बैठक बोलाउनु पर्दा सचिवले संयोजक सँग प्रामर्स गरी कार्यसुची तय गरिनेछ । कार्यसुची बैठकको मिति र समय कम्तिमा पाँच दिन अगाबै लिखित वा विधुतीय माध्यम वा अन्य कुनै तरिकाबाट सदस्यलाई जानकारी दिनु पर्नेछ ।

**६. गणपूरक संख्या** : समितिका सदस्यहरुको एकाउन्न प्रतिशत उपस्तितिलाई गठनपुरक संख्या मानिने छ ।

**७. बैठकको सञ्चालन विधि** : (१) संयोजकले बैठकको अध्यक्षता गर्नेछन् । समितिको संयोजकको ध्यानार्कषणका लागी सदस्यले हात उठाउनुपर्नेछ । संयोजकले निजहरुको नाम क्रमश: बोलाएपछि वा इशारा गरेपछि वर्णानुक्रमअनुसार एक पटकमा एक जनाले मात्र बोल्नपर्नेछ । कुनै एक सदस्यले बोलिरहेको समयमा बीचमा अर्को सदस्यले बोल्न, एकापसमा कुरा गर्ने र मोबाइलमा कुरा गर्न पाइने छैन ।

जयपृथ्वी राजपत्र

(२) सदस्यले समितिको बैठकमा बोल्दा संयोजकलाई सम्बोधन गरेर मात्र बोल्नु पर्नेछ । समितिको छलफलको क्रममा कुनै सदस्यले बोलेको विषयलाई अर्को सदस्यले सो कुरामा सहमति जनाउनेबाहेक सोही विषय दोहार्याउन पाउने छैन । बैठकमा आफ्ना कुरा र विषयवस्तु राख्दा शिष्ट र मर्यादित भाषामा राख्नुपर्दछ । बोल्दा कसैलाई आक्षेप लगाउने, अशिष्ट, अश्लील, अपमानजनक वा मानमर्दन हुने वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन । अर्थात सदस्यले बोल्न पाउने , छलफलमा भाग लिन पाउने अधिकार र कर्तव्यलाई बैठकको काममा बाधा पुर्याउने मनसायले दुरुपयोग गर्न पाइने छैन ।

(३) बैठक अवधिभर मोबाइल प्रयोग गर्न पाइने छैन ।

(४) बैठकमा छलफलको लागी पुर्वनिर्धारित कार्यसुचीको विषय वा कुनै सदस्यले प्रस्ताव गरेको विषय वा समितिलाई कुनै स्रोतबाट प्राप्त हुन आएको विषय बैठकको छलफलको विषय हुन सक्नेछ ।

(५) बैठकको छलफलको विषयमा समितिको कुनै सदस्यको प्रत्यक्ष - अप्रत्यक्ष स्वार्थ गाँसिएको वा संलग्नता रहने भएमा त्यस्तो विषय उपरको छलफलमा सम्बन्धित सदस्य सहभागी हुनुहुँदैन ।

(६) समितिका सदस्यहरुसँग भएका समितिको कार्यक्षेत्रसँग सम्बन्धित सामग्रीहरु समितिका सदस्यहरु बीच आदानप्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(७) समितिको बैठक नसकिँदासम्म कुनै पनि सदस्यले बैठक कक्ष छोड्नु हुदैन । बैठक कक्षबाट बाहिर जानु परेमा संयोजकको अनुमति लिनुपर्नेछ । संयोजकले बैठकलाई सम्बोधन गरिरहेको बेलामा कुनै पनि सदस्यले स्थान छोड्नु हुँदैन । संयोजकले बोलेको कुरा ध्यानपूर्वक सुन्नु पर्नेछ । बैठक सञ्चालनमा समितिका सबै सदस्यहरुले बैठक सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ ।

(८) संयोजकले बैठकलाई मर्यादित बनाउन विशेष व्यवस्था गर्न सक्नेछ ।

(९) समितिको बैठक वर्षमा कम्तिमा तीनपटक बस्नुपर्नेछ ।

(१०) समितिका सदस्य कारणवश बैठकमा उपस्थित हुन नसक्ने भएमा समितिको संयोजक वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ ।

(११) बैठकमा पानी, चिया, खाजा र औषधी बाहेक अन्य पदार्थ सेवन गर्न पाईने छैन ।

(१२) बैठक सञ्चालन सम्बन्धि सभाले तोकेका अन्य कुराहरुको पालना गर्नु समितिका संयोजक तथा सदस्यहरुको कर्तव्य हुनेछ ।

(१२) प्रदेश कानुन वा नगरसभाले नगरसभाका समितिको बैठक सञ्चालन गर्दा पालना गनुपर्ने आचारसंहिता तर्जुमा गरि स्वीकृत गरेमा आचारसंहिता समितिको बैठकसँग सम्बन्धित विषयहरुसमेतको पालना गनुपर्छ ।

**८. <u>बैठकको निर्णय :</u>** (१) बैठकका निर्णयहरु सकेसम्म सर्वसम्मतिबाट गराउनु पर्नेछ । सर्वसम्मतिबाट निर्णय हुन नसकेमा बहुमतका आधारमा निर्णय गर्न सकिनेछ ।

(२) बैठकको निर्णयमा संयोजक, सचिव एवं उपस्थित सबै सदस्यहरुले हस्ताक्षर गरि प्रमाणित गर्नुपर्नेछ ।

(३) बैठकको प्रमाणित निर्णयको अभिलेख सचिवले सुरक्षित र व्यवस्थित गरि राख्नुपर्नेछ ।

(४) बैठकको निर्णय अनुसार राय सुझाव र निर्देशन नगरपालिका वा नगरपालिकाका कुनै निकायलाई दिँदा संयोजकले दस्तखत गरि पठाउनुपर्नेछ ।

**९. उपसमिति गठन :** (१) समितिले कुनै विषयमा परामर्श लिन आफ्नो क्षेत्राधिकार भित्रको विषयमा छानविन गर्ने कार्यक्षेत्र र समयावधि तोकी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ । त्यस्तो उपसमितिले निर्धारित समयमा समितिसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपसमितिमा सहमति भई आएका विषयहरुमा उक्त समितिमा रहेका सदस्यहरुले सोहि विषयमा पुन : समितिको छलफलमा सहभागी हुनेमा बाधा पर्ने छैन ।

(३) उपसमितिको संयोजकलाई सम्बन्धित उपसमितिको कार्य सञ्चालन गर्दा लेखासमितिको संयोजकलाई भएसरहको अधिकार हुनेछ ।

**१०. विशेषज्ञको उपस्थिति र राय :** (१) समितिले आफ्नो बैठकमा नगरपालिकाका पदाधिकारी, कर्मचारी र विषयविज्ञलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(२) आमन्त्रित व्यक्तिहरुलाई बोल्न निर्धारित समय उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको बैठकमा उपस्थित आमन्त्रित व्यक्ति वा विषेशज्ञले आफ्नो धारणा राख्दा तथ्यपूर्ण एवं शिष्टतापूर्वक राख्नुपर्नेछ ।

## परिच्छेद : तीन
## लेखासमितिको काम, कर्तव्य र कार्यक्षेत्र

**११. लेखासमितिको काम, कर्तव्य :** (१) नगरपालिकाका महाशाखा, शाखा र अर्न्तगतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित संविधान, नीति,कानुन र कार्यविधि तथा कार्यक्रम अनुरुप परिचालन, स्रोत परिचालन, व्यवस्थापन र यस्तै अन्य क्रियाकलापको मूल्याङ्कन गरि नगरपालिकालाई सुधार गर्न, प्रभावकारिता बढाउन र जवाफदेही कायम गर्न आवश्यक निर्देशन दिई समुचित टिप्पणी र सिफारिस सहित वार्षिक प्रतिवेदन नगरसभामा पेश गर्ने ।

(२) नगरपालिका र अर्न्तगतका निकायको राजश्व र व्ययसम्बन्धि अनुमानको जाँच गरि वार्षिक अनुमान/बजेट प्रक्षेपण गर्ने तरिका वार्षिक अनुमानसँग आबद्ध नीतिको सट्टा अपनाउन सकिने र सुधार गर्न सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा गर्न सकिने किफायत/मितव्ययिताका उपायहरुसहित

आवश्यक निर्देशन दिने । दिइएको निर्देशन, सुझाब र गरिएका सिफारिसको कार्यान्वयन स्थितिसहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

(३) नेपाल सरकार र प्रदेश सरकारले नगरपालिकालाई उपलब्ध गराउने समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान, निर्धारित सर्त एवं प्राथमिकताका क्षेत्रमा खर्च गरिएको छ , छैन मूल्याङ्कन गरि राय-सुझाव सहितको आवश्यक निर्देशन नगरपालिकालाई दिने । नगरपालिकाले दिएको अनुदान उद्देश्य अनुरुप भए-नभएको मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(४) नगरपालिकाको नीति, प्राथमिकता, प्रतिबद्धता र आश्वासन पूरा गर्न नगरपालिकाका योजना, कार्यक्रम र सेवा प्रवाहको कार्यान्वयन स्थितिको अध्ययन गरि नगरपालिकालाई आवश्यक निर्देशन दिने ।

(५) नगरपालिकाको राजश्व सम्भाव्यता, सोको उपयोग, राजश्व बाँडफाँड र सेवा शुल्कको अवस्थाका बारेमा अध्ययन समिक्षा गरि राय,सुझाव, परामर्श र आवश्यक निर्देशन दिने ।

(६) नगरपालिकाको लेखापरिक्षण गरि महालेखापरिक्षकको कार्यालयले दिएको लेखापरिक्षण प्रतिवेदन अध्ययन गरि उक्त प्रतिवेदनमा औँल्याइएका कमी कमजोरीहरुलाई सुधार गर्ने र नियमित गर्नुपर्ने बेरुजु फर्स्यौट गर्न नगरपालिकालाई निर्देशन दिने । दिइएको निर्देशनको कार्यान्वयनको स्थितिको वार्षिक समीक्षा गर्ने ।

(७) नगरपालिकाले बनाउने सार्वजनिक लेखासम्बन्धि नियम, कार्यविधि, संविधान, सङ्घीय र प्रादेशिक कानुन तथा नगरपालिकाका कानुन बमोजिम छन्-छैनन् र प्रचलित कानुन बमोजिम पालना भएको छ-छैन् मूल्याङ्कन गरि नगरपालिकालाई आवश्यक निर्देशन दिने ।

(८) सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम नगरपालिकामा खरिद भए-नभएको अध्ययन गर्नुका साथै नगरपालिकाले गर्ने राजश्व सङ्कलन र बिक्रि प्रचलित कानुन बमोजिम छ-छैन मूल्याङ्कन गरि नगरपालिकालाई आवश्यक निर्देशन दिने ।

(९) नगरपालिकाको सार्वजनिक सम्पत्ति संरक्षण र उपयोगको मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(१०) सार्वजनिक लेखासम्बन्धी सभाले प्रत्यायोजन गरेका अधिकार प्रयोग गरि नगरपालिकाले बनाएका नियम प्रचलित कानुन बमोजिम काम भए-गरेको छ-छैन मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(११) नगरपालिका योजना कार्यान्वयन र योजना अनुशासनको आवश्यक मूल्याङ्कन गरि योजना पद्धतिलाई अनुशासित बनाउन आवश्यक निर्देशन दिने ।
(१२) नगरपालिकामा आर्थिक अनुशासन कायम गराउने तथा वित्तीय जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(१३) नगरपालिकाको राजश्व परिचालन, ऋण व्यवस्थापन र सार्वजनिक निजि साझेदारको मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(१४) उपभोक्ता समितिले निर्माण तथा सञ्चालन गरेका आयोजनाहरुको नमुनाका रुपमा छनोट पश्चात मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(१५) वित्तीय पारदर्शिता, जवाफदेहिता र सार्वजनिकीकरणका लागी नगरपालिकाले अवलम्बन गरेका सार्वजनिक लेखापरिक्षण र सामाजिक परीक्षणजस्ता अभ्यासहरुको मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने ।

(१६) नगरपालिकाबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(१७) समितिले आत्नो कार्यसम्पादन गर्दा नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु एवं आवश्यकता अनुसार विषय विज्ञहरुसँग छलफल गर्न तथा राय-सल्लाह लिन सक्ने ।

(१८) नगरपालिका तथा नगरपालिकाका वडा कार्यालयहरुले दिनुपर्ने वित्तीय क्षेत्रसँग सम्बन्धीत सेवाका बारेमा आवश्यक निर्देशन दिने ।

(१९) लेखासमितिले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष व्यतीत भएको ३५ दिनभित्र वा आर्थिक वर्ष व्यतीत भएपछिको पहिलो नगरसभा पेश गर्नुपर्नेछ । नगरसभाले उक्त प्रतिवेदनमा छलफल गरि आवश्यक निर्देशन दिनुपर्ने ।

(२०) नगरपालिकाका पदाधिकारी तथा कर्मचारीले लिएको पारिश्रमिक र सुविधा नियमसङ्गत भए-नभएको अनुगमन गरि आवश्यक निर्देशन दिने ।

(२१) योजना कार्यान्वयन तथा सेवा प्रवाहमा प्रभावकारिताका साथै मितव्ययीताका विकल्पहरु अवलम्बन स्थितिको अध्ययन गरि आवश्यक निर्देशन दिने ।

(२२) समितिले छिमेकी नगरपालिकासँग समितिका काम-कार्वाही, कार्यअनुभव र अनुकरणीय कार्यको जानकारी आदान-प्रदान गर्ने ।

(२३) सभाले तोकेको अन्य कामहरु गर्ने, गराउने ।

## परिच्छेद : चार

## विविध

**१२. समितिलाई आवश्यक पर्ने रकम व्यवस्था :** लेखासमितिलाई बैठक सञ्चालन, अध्ययन, मूल्याङ्कन, अनुगमन र छानविन गर्न आवश्यक पर्ने रकम नगरसभाले विनियोजन गर्नुपर्नेछ । सो विनियोजन बमोजिमको रकम नगरकार्यपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

**१३. <u>सुचना, कागजात उपलब्ध गराउनु पर्नेछ</u> :** समितिले मागेका प्रमाण, कागजात उपलब्ध गराउनु नगरपालिका एवं नगरपालिकाका कर्मचारीको कर्तब्य हुनेछ । यसैगरी समितिले सङ्घ र प्रदेशका निकायहरुसँग नगरपालिकासँग सम्बन्धी योजना, कार्यक्रमसम्बन्धी कागजात, सूचना र नीतिको जानकारी समितिलाई उपलब्ध गराउन माग गर्न सक्नेछ ।

**१४. <u>सूचना दिनुपन :</u>** समितिको निर्णणअनुसार संयोजक, सदस्यहरु वा उपसमितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धीत विषयमा नगरपालिकाभित्र कुनै कार्यस्थल तथा आयोजना स्थलमा भ्रमण गर्नुपूर्व नगर प्रमुखलाई सूचना दिनुपर्नेछ ।

**१५. <u>प्रतिवेदनमा समावेश गर्ने</u> :** समितिले गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी निर्धारित समयमै पेश गर्नुपर्नेछ। वार्षिक प्रतिवेदन तयार गर्दा समितिले दिएका निर्देशन, राय, परामर्श र सुझावको कार्यान्वयन स्थितिको समीक्षासमेत वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**१६. <u>कार्यविधि परिमार्जन</u> :** सम्बन्धीत प्रदेशसभा तथा नगरसभाले समितिको कार्यविधि परिवर्तन, परिमार्जन तथा संशोधन गरेमा सोही बमोजिम हुनेछ ।

आज्ञाले,
अम्मरराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

जयपृथ्वी राजपत्र